**बैठक संख्या: १०**

आज मिति २०८०।१२।०७ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री श्यामलाल थारु | का.वा.वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

Scanned with CamScanner

बैठक मिति :२०८०।१२।०७

निर्णयहरु :

१. श्रद्धाञ्जली अर्पण सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत वडा नं.७ का महिला वडा सदस्य तथा नगरसभा सदस्य श्री ज्ञानमती तेलीको वि.पि.कोईराला क्यान्सर अस्पताल भरतपुर चितवनमा उपचारको क्रममा मिति २०८०/१२/०३ गतेका दिन असमायिक निधन भएकोमा दिवङ्गत वडा सदस्यको सम्झनामा १ मिनेट मौन धारण गरी श्रद्धाञ्जली अर्पण गरियो।

२. मैनार खोलाको ठेक्का बन्दोवस्त सम्वन्धमा।

चालु आ.व.२०८०/०८१ को आय ठेक्का अन्तर्गत मैनार खोला (ठेक्का नं.SM/IR/080-081-13) बाट ढुङ्गा,गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ उत्खनन् संकलन र विक्री वितरणको लागि श्री अक्स ब्रिज़ इन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.ली.सँग मिति २०८०/०८/१५ मा ठेक्का सम्झौता भई चलान पूर्जी समेत दिई सकिएकोमा सम्वन्धित ठेकेदार कम्पनीले उक्त खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गर्न डिभिजन वन कार्यालय कपिलवस्तु(गौतमबुद्ध) बाट अवरोध भएको हुँदा सहजिकरण गरिदिनु हुन भनि मिति२०८०/०९/०८ मा निवेदन पेश गरेकोले सो सम्वन्धमा डिभिजन वन कार्यालय कपिलवस्तु(गौतमबुद्ध) सँग पटक पटक मौखिक समन्वय गर्दा र पत्राचार गरी लिखित राय माग गर्दा उक्त खोला राष्ट्रिय वन क्षेत्रभित्र पर्ने भनि राष्ट्रिय वन क्षेत्रभित्र रहेका नदी/खोलाको ठेक्का बन्दोवस्त सम्वन्धमा सङ्घीय तथा प्रादेशिक कानूनमा रहेका विभिन्न कानूनी अस्पष्टता र जटिलता औंल्याई सो खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गर्न नमिल्ने आशयको राय दिएकोले उक्त खोलाको ठेक्का सम्झौता रद्ध गरी ठेकेदार कम्पनीले दाखिला गरेको राजश्व रकम फिर्ता दिने निर्णय गरियो।

३. उपभोक्ता समितिको बिल विजक सम्वन्धमा।

चालु आर्थिक वर्षमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएका योजनाहरुको भुक्तानीको क्रममा उपभोक्ता समिति मार्फत पेश गरिएका बिल विजकहरुको जाँच गर्दा धेरै जसो बिल बिजक जारी गर्ने फर्म/सप्लायर्स हरुले आन्तरिक राजश्व कार्यालयमा करचुक्ता नगरेको पाईएकोले नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु मार्फत सवै उपभोक्ता समितिहरुलाई करचुक्ता गरेका फर्म/सप्लायर्सबाट मात्रै कारोबार गर्न निर्देशन गर्ने निर्णय गरियो।

४. औषधि उपचार खर्च सम्वन्धमा।

यस नगरपालिकाको आयोजनामा संचालित राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता-२०८० मा सरस्वती मा.वि.बानियाभारबाट कबड्डी बिधा तर्फ सहभागि भएका विद्यार्थि दिपक सुनारको खेलको क्रममा दाहिने हात भाचिन गई घाईते भएको र निजको शल्यक्रिया गरी उपचार गरिएकोले जाजरकोट भुकम्पमा राहत वितरण गर्दा यस नगरपालिकाका जनप्रतिनिधी, शिक्षक र कर्मचारीको सुविधा तथा पारिश्रमिकबाट कट्टा गरी विपद व्यवस्थापन कोषमा बचत रहेको रकमबाट खर्च लेखि निज विद्यार्थिको उपचार गर्दा लागेका खर्चका बिल भरपाईको आधारमा अधिकतम रु.९९,०००/- औषधि उपचार खर्च सहयोग दिने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८०।१२।०७

**५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन सम्वन्धमा।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४८४, मिति २०८०/११/३० को परिपत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगाल, काठमाण्डौंबाट जारी सुझाव र निर्देशन सम्वन्धमा छलफल गरी प्राप्त सुझाव तथा निर्देशनको पालना र कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner